जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १४५ • २०८१ चैत्र ४ गते सोमवार • 17 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

# मधेश प्रदेशमा होलीपर्वको दिन ट्राफिक नियम उल्लङ्घन गर्ने ३१७ वटा सवारी साधन प्रहरीको नियन्त्रणमा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३ चैत्र**




मधेश प्रदेशमा होलीपर्वको दिन ट्राफिक नियम उल्लङ्घन गर्ने ३१७ वटा सवारी साधन प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै होलीमा उच्छृङ्खल गतिविधि गरेको आरोपमा ५७ जनालाई नियन्त्रणमा लिएर कारबाही गरेको हो ।

सोही दिन प्रदेशभरमा ३५ वटा सवारी दुर्घटनामा परेर १७८ जना घाइते भएका छन् । यद्यपि मृत्यु हुने सङ्ख्या शून्य रहेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । धनुषाको धनुषाधाम नगरपालिका-६, मालटोलस्थित पूर्वपश्चिम लोकमार्गमा भएको बस दुर्घटनामा ३५ जना यात्रु घाइते भएका थिए । जनकपुरबाट राजविराजतर्फ गइरहेको १४४१ नम्बरको बस शुक्रबार बिहान ९ बजे दुर्घटनामा परेको थियो ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार ३१० वटा दुई पाङ्गे सवारी साधन र सात वटा चार पाङ्गे सवारीसाधन गरी जम्मा ३१७ सवारी साधन नियन्त्रणमा लिइएको छ । सर्लाहीमा सबैभन्दा धेरै १०२ सवारी साधन नियन्त्रणमा लिइएको छ भने सिराहामा ८२, बारामा ६२, महोत्तरीमा ५१, धनुषामा तीन, रौतहटमा छ, पर्सामा चार र सप्तरीमा सात सवारी साधन नियन्त्रणमा लिइएको छ ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शान्तिराज कोइरालाले प्रदेशका आठ वटा जिल्लामा प्रहरी तथा ट्राफिक प्रहरीको संयुक्त जाँच टोलीले त्यतिको सङ्ख्यामा सवारी तथा व्यक्तिलाई नियन्त्रणमा लिएको बताउनुभयो । होलीपर्वको अवसरमा सम्भावित दुर्घटना रोक्न प्रहरीले होलीलक्षित सुरक्षा अभियान चलाएको उहाँले जानकारी दिनुभयो । नियन्त्रणमा लिइएका व्यक्ति र सवारी साधनलाई गल्ती अनुसार कारबाही प्रक्रिया अघि बढाइएको प्रवक्ता कोइरालाले बताउनुभयो । शुक्रबार एकै दिन मधेश प्रदेशका विभिन्न ३५ स्थानमा सवारी दुर्घटना हुँदा ९९ जना घाइते भएका छन् । होली मनाउने क्रममा सवारी नियम उल्लङ्घन गर्ने तीन सयभन्दा बढी सवारी र ५७ जना चालकलाई नियन्त्रणमा लिएको मधेश प्रदेश प्रहरीले शनिबार जनाएको छ ।

सवारी नियम उल्लङ्घन गरेको कसुरमा सबैभन्दा बढी सर्लाही र महोत्तरीका नौ जनालाई कारबाही गरिएको छ । त्यस्तै सिराहाबाट सात जना, बाराबाट चार जना र पर्साबाट ११ जनालाई कारबाही प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो । होलीपर्व मनाउने नाममा ट्राफिक नियमको अटेर गर्ने, मादक पदार्थ सेवन गर्ने, होहल्ला र झैंझगडा गरी शान्ति सुव्यवस्थामा खलल पु-याएको आरोपमा सवारीसहित उनीहरूलाई नियन्त्रणमा लिइएको कोइरालाले बताउनुभयो । होलीपर्वको समयमा सडक नियम पालना गराउन बर्दीबास ट्राफिकले पहिलो पटक साइकल गस्ती गरेको छ । जिल्ला ट्राफिक प्रमुख लक्ष्मीराज जोशीको कमान्डमा पाँच जना सहभागी साइकल गस्तीले बर्दीबास, गौशाला, माईस्थान, औरही लगायत ५० किमी आसपासका क्षेत्रमा ट्राफिक नियम उल्लङ्घन गरी सवारी चलाउने तीन सवारी चालकलाई सडकमै सम्झाइबुझाई पठाएको थियो ।

# शिवशान्ति ज्वेलर्समा चोरी

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३ चैत्र**

महोत्तरीको बलवास्थित शिवशान्ति ज्वेलर्समा चोरी भएको छ । बलवा नगरपालिका-३ परौल बजारमा रहेको विशशान्ति ज्वेलर्सको ताल्चा फोडेर चोरहरुको समूहले गरगहनासंगै पसलमा राखिएको लकर चोरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

शनिबार राति जीप चढेर आएका चोरहरूको समूहले लुटपाट गरी बर्दिबासतर्फ भागेको सीसीटीभी फुटेजमा देखिएको र चोरी भएको गहण तथा जिन्सीबारे यकिन भइसकेको छैन । शिवशान्ति ज्वेलर्सका सञ्चालक अरुण कुमार साहका अनुसार ५ जनाको समूहमा आएका चोरहरूले पसलमा रहेको २० तोला सुन, १ लाख ५० हजार नगद, पसलमा राखिएको भोल्ट (लकर), क्याम्राको हार्डडिस्क चोरी गरेर लगेको छ । सुन पसलमा लागेको क्याम्राको हार्डडिस्क चोरहरूले लगेपछि नजिकै रहेको अन्य क्याम्रामा चोरी गर्न प्रयोग भएको जीप र चोरीमा संलग्नहरूको भिडियो कैद भएको छ । पसलमा राति नै चोरी भएपनि आइतबार बिहान ९ बजेमात्रै थाहा भएको सञ्चालक साहले बताए । महोत्तरीका प्रहरी उपरीक्षक नक्कुल पोखरेलले अनुसन्धान गर्ने प्रहरीसहित परौल स्थान पुगेर अनुसन्धान थालेको छ । चोरीको स्थानबाट नजिकै बलवा इलाका प्रहरी कार्यालय रहेको छ ।

# अवैध रूपमा आयात हुने सेतो अण्डा बरामद गरी नष्ट पार्ने क्रम तीव्र



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३ चैत्र**

सशस्त्र प्रहरी बलले भारतबाट अवैध रूपमा आयात हुने सेतो अण्डा बरामद गरी नष्ट पार्ने क्रम तीव्र बनाएको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अवैध ढङ्गले भित्रिने अण्डा, चल्ला, तयारी कुखुरा, कुखुराको मासु, क्रेट, कार्टुन र भ्याक्सिनको ओसारपसार नियन्त्रण गर्न प्रदेशस्थित उच्चपदस्थ सुरक्षा अधिकारीलाई निर्देशन दिए लगत्तै प्रहरीले अण्डा नष्ट गर्ने अभियानलाई तीव्र बनाएको हो ।

सशस्त्र प्रहरी बलले गत फागुनमा मात्र ३२४ क्यारेट सेतो अण्डा बरामद गरी नष्ट गरेको जनाएको छ। साथै यही चैत २ गते ४५ क्यारेट सेतो अण्डा महोत्तरीमा बरामद गरी नष्ट गरेको सशस्त्र प्रहरी बल मधेश प्रदेश छिन्नमस्ता बाहिनी नम्बर २ मुख्यालयका प्रमुख एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौवजीले जानकारी दिनुभयो । भारतबाट अवैध रूपमा भित्रिने त्यस्ता वस्तुका कारण व्यवसायमा समस्या भएको, भारतका विभिन्न प्रान्तमा देखापरेका बर्डफ्लु भित्रिने जोखिम उच्च रहेकाले नियन्त्रण अभियान चलाउनुपर्ने अवस्था आएको प्रहरीले बताएको छ ।

नेपाल बोयर कुखुरापालक सङ्घले भारतबाट भित्रिने अवैध पोल्ट्रीजन्य पदार्थका कारण नेपाली पोल्ट्री उद्योग सङ्कटग्रस्त भएको भन्दै मुख्यमन्त्री सिंहको ध्यानाकर्षण गराएको गराउनुभएको थियो । भारतका विभिन्न प्रान्तमा देखिएको बर्डफ्लु जोखिमका कारण पनि अवैध आयात नियन्त्रण आवश्यक भएको सङ्घका अध्यक्ष विनोद पोखरेलले बताउनुभयो । नेपालको कुल ग्राहस्थ उत्पादनमा तीन प्रतिशत योगदान रहेको पोल्ट्री क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पाँच लाख व्यक्तिलाई रोजगारी दिएको बताउँदै उहाँले नेपालको पोल्ट्री उद्योगमा एक खर्ब ६० अर्ब रुपियाँको लगानी रहेको उहाँले जानकारी दिनुभयो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme




33 Years of Academic Excellence

मौसमी फ्लु रोकथामका उपाय ।

- बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
- खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समयसमयमा साबुनपानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख छोईरहने बानी नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रकाईसको पुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# उपयोग गर्ने नीति ल्याउ

*नेपालबाट बर्सेनि झन्डै आठ लाख जति नेपाली वैदेशिक रोजगारमा जाने गरेका छन् । त्यसमध्ये करिब दुई लाखभन्दा बढी त मधेश प्रदेशका आठ जिल्लाका मात्र हुन्छन् । हरेक खाडी मुलुकमा सबभन्दा बढी नेपाली मधेशी अनुहारका भेटिन्छन् । अन्तर्राष्ट्रिय विमानस्थल देखिने बाहिरको दृश्यले त्यही भन्छ । श्रमिक उत्पादन गर्ने कारखाना मधेश हो भन्ने आभास हुन्छ । मधेशको हरेक गाउँ, हरेक टोलबाट कोही नकोही वैदेशिक रोजगारीमा गएकै हुन्छन् । वैदेशिक रोजगार विभागका अनुसार वैदेशिक रोजगारीमा सबैभन्दा धेरै जाने १० जिल्लामध्ये मधेश प्रदेशका मात्र पाँच जिल्ला छन् ।*

*त्यसमा धनुषाबाट ३९ हजार १०७, सिराहाबाट ३० हजार ९३०, महोत्तरीबाट २७ हजार ३५०, सर्लाहीबाट २१ हजार २४३ र सप्तरीबाट २० हजार ४०० जना वैदेशिक रोजगारीमा गएका छन् । यसै गरी कोशी प्रदेशको झापाबाट ३४ हजार ३६२, मोरङबाट ३१ हजार ९७ र सुनसरीबाट २३ हजार ९४९ जना गएका छन् । रुपन्देहीबाट २३ हजार ६०६ र चितवनबाट १८ हजार २४८ युवा वैदेशिक रोजगारीमा गएका छन् ।*

*मधेश प्रदेशका धनुषा, सिराहा, महोत्तरी, सर्लाही, सप्तरीबाहेक कोशी प्रदेशका झापा, मोरङ, सुनसरी, लुम्बिनी प्रदेशको रुपन्देही र चितवन पनि मधेशी बाहुल्य जिल्ला हुन् । वैदेशिक रोजगारी विभागका अनुसार रोजगारीमा सबभन्दा बढी जाने प्रदेशमध्ये मधेश प्रदेश हो भने दोस्रोमा कोशी प्रदेश र तेस्रोमा लुम्बिनी प्रदेश पर्छ भने चौथोमा मात्र कर्णाली प्रदेश । मधेश प्रदेशबाट दैनिक सयौंको सङ्ख्यामा युवा वैदेशिक रोजगारमा जान्छन् । कामको अवधि पूरा गरी स्वदेश फर्किएपछि के गर्ने भन्ने कुनै योजना हुँदैन । सरकारले उनीहरूको कमाइ र सिपलाई उपयोग गर्ने नीति ल्याउन आवश्यक छ । खालि विप्रेषणको हिसाब गरेर मात्र हुँदैन ।*

# यस वर्ष सप्तरीमा आँप उत्पादनमा कमि आउने




**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ३ चैत्र**

सप्तरीलाई आँपको राजधानी मानिन्छ । देशैभरिमा यहाँ फलेको आँपको माग उच्च हुन्छ तर यस वर्ष भने सप्तरीमा आँप उत्पादनमा भने कमि आउने भएको छ । देशभरिमै स्वादिष्ट आँपको लागि लोकप्रिय मानिने सप्तरीमा यस वर्ष आँपको बोटमा विगतको तुलनामा कम मन्जरी लागेकोले उत्पादनमा कमि आउने भएको हो । गत आर्थिक वर्षमा ७१ हजार २५० मेट्रिकटन आँपको उत्पादन भएकोमा यस वर्ष ५० हजार ५० मेट्रिकटन आँप उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किशुनदेव राउतले जानकारी दिनुभयो ।

गत वर्ष आँपका लागि 'अनयेयर' अर्थात् फल्ने वर्ष थियो र यस वर्ष 'अफयेयर' अर्थात् नफल्ने वर्ष भएकोले उपादकत्वमा कमि आउने उहाँले बताउनुभयो । "आँपको नेचर नै त्यस्तो हुन्छ, एक वर्ष धेरै फल्ने र त्यसपछिको वर्ष कम फल्ने र यो वर्ष कम फल्ने वर्ष भएकोले उत्पादनमा कमि आउनु स्वभाविक हो," राउतले भन्नुभयो । कूल ७ हजार ७ सय हेक्टर जमिनमा आँपको बोट रहेको सप्तरीमा आर्थिक वर्ष २०८०/०८१ मा प्रति हेक्टर ९ दशमलव ५ मेट्रिकटन उत्पादकत्व रहेकोमा यस वर्ष प्रति हेक्टर ६ दशमलव ५ मेट्रिकटन उत्पादकत्व हुने कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ । मधेश प्रदेशमै सबै भन्दा बढी आँप उत्पादन हुने जिल्लाको रूपमा पनि चिनिएको सप्तरीको भोगौलिक अवस्था र हावापानीको दृष्टिकोणले हेर्दा आँप उत्पादनका सुहाँउदो मानिन्छ । मधेश प्रदेशमा सप्तरीपछि सिरहामा पनि राम्रै आँप उत्पादन हुन्छ तर, स्वादको मामिलामा सप्तरीको आँप उत्कृष्ट रहेको बताउनु हुन्छ कृषि ज्ञान केन्द्र सप्तरीका बागवानी अधिकृत रक्षा यादव । उहाँले यहाँको मालदह, बम्बई, कलकतीया, अम्रपाली, मल्लिका र गुलाव खास आँप एकदमै स्वादिलो हुने भएकाले अनयन्त्र जिल्ला पनि ती आँपहरूको ठुलो माग रहिआएको बताउनुभयो ।

# स्कारपियोको ठक्करबाट एक बालकको मृत्यु



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ३ चैत्र**

सीमावर्ती क्षेत्रस्थित सर्लाहीको बलरा नगरपालिका-८, बालुवाभारमा स्कारपियोको ठक्करबाट एक बालकको मृत्यु भएको छ । दुर्घटनामा अरू तीन जना घाइते भएका छन् ।

शनिवार राति हुलाकी सडकमा पार्किङ गरेर राखिएको बीआर ०६ पि ई २८२० नम्बरको जिपलाई बालुवाभारबाट मधुवनी गाउँतर्फ जाँदै गरेको बीआर ३० ए ई २४९० नम्बरको स्कारपियो गाडीले ठक्कर दिँदा अनियन्त्रित भई सडक छेउमा बसिरहेका मानिसहरूलाई समेत ठक्कर दिएको प्रहरीले जनाएको छ ।

गाडीको ठक्करबाट भारतको सितामढी थाना बरगनिया नन्दबारा ग्राम पञ्चायत घर भई बलरास्थित मामाघर आएका रामेश्वर साहका छोरा पाँच वर्षीय पीयूषकुमार साहको मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता डिएसपी सरोज राईले जानकारी दिनुभयो ।


# व्यक्तिगत घटना दर्ता गरौ

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: शुभ कार्यको शुरुवात
वृष: खानपानमा समस्या आउने
मिथुन: विचार गरेर बोल्नुहोला
कर्कट: मनमा पछुतो आउने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: पिछडेको साथी मिल्ने
कुम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# पुटिनमाथि दबाब बढाउन स्टार्मरको विश्व नेताहरूलाई आग्रह

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ चैत्र



बेलायतका प्रधानमन्त्री किर स्टार्मरले युक्रेनलाई 'शान्तिको पक्ष' भनेर प्रशंसा गर्दै मित्रराष्ट्रहरूलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनमा युद्धविराम गर्न 'दबाब कायम राख्न' आग्रह गरेका छन्। आफ्नो प्रारम्भिक टिप्पणीमा शनिबार स्टार्मरले पुटिन 'ढिलो वा चाँडो' वार्ताको 'टेबलमा आउनुपर्ने' बताए।

मार्च २ मा भएको पहिलो शिखर सम्मेलनको विपरीत स्टार्मरले 'इच्छुकहरूको गठबन्धन' भनेको बैठक भर्चुअल रूपमा सञ्चालन भइरहेको छ। भर्चुअल बैठकमा देशहरूले युक्रेनलाई सैन्य र वित्तीय रूपमा कसरी मद्दत गर्न सक्छन् र पुटिनले युद्धविराम गर्न समर्थन गरेको खण्डमा भविष्यमा हुनसक्ने शान्ति स्थापना मिसनको लागि समर्थन मापन गर्ने अपेक्षा गरिएको छ। "मेरो अनुभव के हो भने चाँडो होस् या ढिलो उन टेबलमा आउनु पर्नेछ र गम्भीर छलफलमा संलग्न हुनु पर्नेछ, तर – यो ठूलो कुरा हो तर आज बिहान हाम्रो बैठकमा – हामी केवल बसेर त्यो हुने प्रतीक्षा गर्न सक्दैनौं",

स्टार्मरले टेन डाउनिङ स्ट्रिटको कार्यालयमा स्किनको अगाडि बसेर नेताहरूलाई भने, "मलाई लाग्छ यसको अर्थ युक्रेनलाई बलियो बनाउनु हो ताकि उनीहरूले आफ्नो रक्षा गर्न सकून् र स्पष्ट रूपमा सैन्य क्षमताको सन्दर्भमा, कोषको सन्दर्भमा, हामी सबैबाट युक्रेनलाई थप समर्थनको प्रावधानको सन्दर्भमा सुदृढ बनाउनु हो।"

# भाषा विवादमा भिडे प्रकाश राज र पवन कल्याण

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ चैत्र



दक्षिण भारतीय सुपरस्टार तथा तमिलनाडुका उपमुख्यमन्त्री पवन कल्याणले हालैको एक भाषणमा हिन्दी भाषाको विरोध गर्ने नेताहरूको आलोचना गरेका छन्।

उनले तमिलनाडुका मानिसहरू हिन्दीको विरोध गरे पनि उनीहरू नै यहाँ हिन्दीमा चलचित्र डब गरेर बलिउडबाट पैसा कमाउने आरोप लगाए। उनको भनाइ दक्षिणमा हिन्दी भाषाको विरोधको विषयमा आएको हो। तर, यो कुरा बाहिर आउने बित्तिकै प्रकाश राजले उनीमाथि हिन्दी भाषा थोपरेको आरोप लगाए। प्रकाश राजले भने, 'हामीमाथि आफ्नो हिन्दी भाषा नथोपर' भन्नुको अर्थ हो- अन्य कुनै पनि भाषालाई घृणा नगरी आफ्नो मातृभाषा र आमाको गर्वका साथ रक्षा गर्नु हो। कसैले पवन कल्याणलाई यो कुरा बताइदिनुहोस्।' यसको जवाफमा पवन कल्याणले आक्रोशित हुँदै लेखेका छन्, 'जबरजस्ती कुनै भाषा थोपर्ने वा अन्धाधुन्ध भाषाको विरोध गर्ने, यी दुवै प्रवृत्तिहरू हाम्रो देश भारतको राष्ट्रिय र सांस्कृतिक एकताको आधारभूत उद्देश्य प्राप्त गर्न सहयोगी छैनन्। मैले कहिल्यै हिन्दी भाषाको विरोध गरेको छैन।

मैले त सबैका लागि अनिवार्य बनाउने कुराको विरोध गरें। जब एनईपी-२०२० आफैंले हिन्दीलाई अनिवार्य रूपमा लागू गर्दैन, तब यसको कार्यान्वयनको बारेमा गलत बयान दिनु जनतालाई भ्रमित गर्नु बाहेक अरू केही होइन। आजकल धेरै दक्षिण भारतीय राज्यहरूमा हिन्दी भाषाको विरोध भइरहेको छ। दक्षिणको क्षेत्रीय भाषाको प्रवर्द्धनसँगै हिन्दी र अंग्रेजीको विरोध पनि भइरहेको हो। हालै बजेट सत्रमा, रुपैयाँको प्रतीक दक्षिण भारतीय भाषामा चित्रण गरिएको थियो, जसले विवाद निम्त्याएको थियो।

# आजका लागि यस्तो छ विदेशी मुद्राको विनिमयदर




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ चैत्र

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार आज अमेरिकी डलर एकको खरिददर १३८ रुपैयाँ ९० पैसा र बिक्रीदर १३९ रुपैयाँ ५० पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १५१ रुपैयाँ ३८ पैसा र बिक्रीदर १५२ रुपैयाँ ०३ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७९ रुपैयाँ ७५ पैसा र बिक्रीदर १८० रुपैयाँ ५३ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५७ रुपैयाँ ०२ पैसा र बिक्रीदर १५७ रुपैयाँ ७० पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ६२ पैसा र बिक्रीदर ८८ रुपैयाँ, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ २५ पैसा र बिक्रीदर ९६ रुपैयाँ ६७ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रुपैयाँ १० पैसा र बिक्रीदर १०४ रुपैयाँ ५५ पैसा निर्धारण गरिएको छ।

यस्तै, जापानी येन १० को खरिददर नौ रुपैयाँ ३४ पैसा र बिक्रीदर नौ रुपैयाँ ३८ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ २० पैसा र बिक्रीदर १९ रुपैयाँ २८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ०४ पैसा र बिक्रीदर ३७ रुपैयाँ २० पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ११ पैसा र बिक्रीदर ३८ रुपैयाँ २७ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १३ पैसा र बिक्रीदर चार रुपैयाँ १५ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ २४ पैसा र बिक्रीदर ३१ रुपैयाँ ३७ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ५५ पैसा र बिक्रीदर नौ रुपैयाँ ५९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ७२ पैसा र बिक्रीदर १३ रुपैयाँ ७८ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ २९ पैसा र बिक्रीदर २० रुपैयाँ ३८ पैसा तोकिएको छ।

# सेपाकताक्रो विश्व च्याम्पियनसिपमा सहभागी हुने खेलाडीको बिदाई

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३ चैत्र




विश्वकप सेपाकताक्रो च्याम्पियनसिपमा सहभागी हुने खेलाडीहरुलाई बिदाई गरिएको छ। आइतबार राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले टोलीको बिदाई गरेका हुन्।

सो क्रममा उनले खेलाडीहरूलाई आत्माविश्वसका साथ खेल्न शुभकामना दिए। भारतको बिहारमा यही चैत्र ७ देखि १२ गते (मार्च २०-२५) सम्म हुने च्यामिपयनसिपमा नेपालबाट सात जना महिला र पाँच जना पुरुष खेलाडी सहभागी हुने छन्। पुरुष खेलाडीहरूमा रोशन तामाङ, रविन भट्टराई, दिपेशजंग थापा, अनिल जर्गामगर र सनम पुर्जा पुन छन्। टिम कोच शिव बहादुर राना र म्यानेजर जितेन्द्र थापामगर छन्। यस्तै महिला खेलाडीहरूमा सुमित्रा डंगोल, चन्द्रा चौधरी, इन्दु चौधरी, उषा महर्जन, निरु थापामगर, नैना रानामगर र स्वस्तिका श्रेष्ठ छन्। टिम म्यानेजरमा श्याम बहादुर श्रेष्ठ र प्रशिक्षकमा सिता सुवेदी छन्। रेफ्रीमा सोममाया थापामगर र सूर्य बहादुर लिम्बु तथा टेक्निकल अफिसर नेशिर मास्के छन्।





बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




सम्सी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# बौद्धिक 'सिन्ड्रोम' र गणतन्त्रको सुस्वास्थ्य

-आफ्ना पेसा, व्यवसाय र दैनिकीलाई जोखिममा राखेर लोकतन्त्र वा गणतन्त्रको महायज्ञमा होमिएको बौद्धिक वर्ग वा नागरिक समाज आज मूर्च्छित र लज्जित अवस्थामा छ। कथित राजावादीको शक्ति प्रदर्शन र गणतन्त्रवादी दलका नेताहरूको वादविवादबाटै कुरा सुरु गरौं। तर्क र बहस जताबाट जसरी पनि गर्न सकिन्छ। एउटै वस्तु घटना र विषयलाई फरक-फरक अवस्थामा रहेका व्यक्तिहरूले भिन्नभिन्न ढंगले विश्लेषण र सम्प्रेषण गर्छन्। जस्तो कि, छ महिनाअघि सत्तामा हुनेले आफ्नो कार्यकाललाई कल्पनाको रामराज्य थियो र भ्रष्टाचार, बेथिति केही थिएन तर अहिलेको सरकारको चालक सिटमै बिचौलिया छन् भन्छ। अहिलेको सारा निराशाको परिणाम ६ महिनाअघि गठन भएको यही सरकार हो भन्छ। अनि त्यसको ठीक विपरीतको दाबी अहिलेका सत्तासीनहरूले गर्छन्। अनि फेरि अहिलेको प्रतिपक्ष सत्तापक्ष भयो भने उही चक्रको बहस प्रारम्भ हुन्छ।

संविधान संशोधनको बहस होस् वा निर्वाचन प्रणालीको, अन्तरपार्टी जनवादको विषय होस् वा नेतृत्वको पुस्तान्तरणको सबै प्रायः तर्क र बहसहरू आफू कुन पोजिसन वा पदीय हैसियतमा बसेको छु भन्ने आधारबाट निर्देशित भएका देखिन्छन्। समसामयिक नेपाली राजनीतिमा निराशाको बीउ यस्तैखाले तर्क र बहसले छर्ने गरेका छन्। त्यस्तो तर्क र बहसमा सामेल पात्र वा वक्ताले पनि यो कुरा नबुझेको होला भन्न सकिन्न। तर उसले त्यसो नगर्दा उसको सुरक्षित अर्को मार्ग पनि हुँदैन। तसर्थ ऊ मेरो कुरा जनताले पत्याउन वा नपत्याउन बोल्नै पर्छ भन्ने बाध्यताको बीचबाट बोलिरहेको हुन्छ। वस्तु, घटना र विषयलाई हेर्ने दार्शनिक, सैद्धान्तिक र राजनीतिक आधार बिर्सेर वा मुलुक जनता र राजनीति जेसुकै होस् म र मेरो पदीय हैसियत बचे पुग्छ भन्ने लाचारीपनले आजका बहसहरू स्वार्थ केन्द्रित भएका छन्। परिणामस्वरूप समाज पनि त्यस्तै भएको छ।

विचार र राजनीति शून्यताको बहसले उत्पादन गर्ने नेता र कार्यकर्ताहरू पनि क्रमशः विचारशून्य हुँदै गएका छन्। राजनीतिमा लाग्नु भनेको यति वर्षमा यो पद वा अवसर प्राप्त गर्नका लागि हो भन्ने कुरा भाष्यका रूपमा मात्र होइन, मान्यताकै रूपमा स्थापित गर्ने/गराउने कोसिस भइरहेको छ। समाजको रूपान्तरण, वैश्विक पुँजीवादले सिर्जना गरेका चुनौतीहरूसँग लड्ने विषय, विज्ञान र प्रविधिको प्रयोगले ल्याएको कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) ले तीव्र गतिमा विकास गरिरहेको परिवेशबाट मुलुकले गर्नुपर्ने तयारी र होसियारी, बदलिँदो विश्व भू-राजनीतिजस्ता गहन विषयका छलफल, अन्तरक्रिया र विमर्शहरू राजनीतिक दलको वडादेखि केन्द्रसम्ममा बहसको विषय किन बन्दैनन्? किनकि, आज नेपाली राजनीतिमा या लोकप्रियतावाद या सरकारवाद, प्रतिपक्षवाद हाबी छ। मुलुकलाई विचारविहीन स्वार्थको झुन्डका रूपमा निराशा र दृष्टिकोणविहीन ढंगले अगाडि बढाउने कोसिस भइरहेको छ।

समकालीन नेपाली राजनीतिका चर्चित विषयवस्तुहरू यही गन्जागोल, उकुसमुकुस र दृष्टिकोणविहीन भुमरीमा रुमलिएको जस्तो लाग्छ। यो गन्जागोल र दृष्टिकोण शून्यताको भुमरीमा प्रतिगमनको घोडा सवार गराउन सकिन्छ कि भनेर मरेको घोडालाई सिंगारपटार पार्ने प्रयास गरिएका छन्। प्रयास गर्नेहरूको एउटा झुन्ड र मरेको घोडा कसरी हिँड्दो रहेछ भनेर अचम्म मानेर सडकको दायाँ-बाँया बसेर रमित हेर्नेहरूको अर्को झुन्ड मिसिएपछि राजतन्त्र पुनःस्थापनाको साइत हेरेर तिथि-मिति जुराउने घोषणा पनि गरिँदै छ। राजतन्त्र फर्काउन दौरा-सुरुवाल र छातीमा अस्तित्वविहीन श्रीपेचको प्रतीक लगाएका राजावादीहरूलाई लागेको छ कि, नेपाली जनता चेतनाशून्य पिण्ड हुन् र तिनको आँखा छलेर सजिलै राजतन्त्र फर्काउन सकिन्छ।

राजावादीहरूले राजा चाहिन्छ र ल्याइन्छ भन्नु कुन ठूलो कुरो हो र? नेपाली जनताको शान्तिपूर्ण जनक्रान्तिले राजतन्त्र फाल्दा वा यो संविधान जारी हुँदाका बखत राजावादीको ताकत थिएन। ती सुसुप्त थिए। तर त्यत्रो जनक्रान्तिले फालेको राजतन्त्र आज किन ब्युँत्याउने दुस्प्रयास गर्दै छ? वा तिनको ताकत किन बौरिन खोज्दै छ? बहसको विषयचाहिँ यो हुनुपर्ने हो। अनि राजावादीहरूले गरेको एक दिनको जुलुस प्रदर्शनको विषयलाई लिएर राजावादीभन्दा ज्यादा गणतन्त्रवादीमाथि जनआक्रोश किन बढिरहेको छ? यो समग्र पक्षको राजनीतिक र सामाजिक स्तरमा पनि विहंगम विमर्श गरिएन भने राजावादीहरूको ताकत बौरिने चरणसम्म पुग्न सक्छ। तर अहिले नै राजावादीको ताकत बौरिइसक्यो भन्ने निष्कर्ष निकाल्नु गलत हुनेछ। वैज्ञानिक र स्थापित आँकडाले भन्छ, अहिले पनि राजावादीको जनमत १० प्रतिशत पुगेको छैन यसर्थ त्यो मूर्च्छित अवस्थामै छ। जनक्रान्ति पक्षधर वाम राजनीतिक दलहरूमा आएको विभाजन, अविभाजित भनिएको नेपाली कांग्रेसभित्रको चरम गुटबन्दीले हुर्मत लिएको जनमत अनि रूपान्तरणका मुद्दा छायामा पारिएको मलिलो भूमिमा गत निर्वाचनमा पपुलिजमले केही स्थान लियो।

नेपाली राजनीतिमा एउटा तरंग पैदा गर्‍यो। विचार र दृष्टिकोणविहीनता अनि रहश्यमय शक्ति र स्रोतको आडमा जन्मेको त्यो पपुलिजम हुर्कन र बढ्न सक्ने कुनै दार्शनिक, सैद्धान्तिक र राजनीतिक आधार थिएन। परिणामस्वरूप त्यो जसरी जन्मियो त्यसरी नै क्रमशः विघटनको संघारमा पुगेको छ वा त्यसले पनि प्रतिगमनसँग सहकार्य गरेर आफ्नो घुम्टो खोल्नेछ। जे भए पनि, पपुलिजम अब हस्तक्षेपकारी शक्तिका रूपमा विकास हुने आधार देखिँदैन।

सांभार : कान्तिपुर।



## बिमालेख हरायो

जलेश्वरबाट जनकपुर तर्फ आईरहेको बेला तपसिल बमोजिमको बिमालेख हराएको हुँदा सम्बन्धीत शाखा कार्यालयमा बुझाई दिनुहन अनुरोध गरिन्छ ।

**तपसिल**


नाम : मनोज कुमार ठाकुर
बिमालेखः 170019824
ठेगानाः जनकपुरधाम उपमहानगरपालिका-११
मोबाईल नं. : ९८०४८४०२४१










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday